# सिन्धु विकास बैंक लिमिटेड, बनेपा, काभ्रेको नाममा रहेको गैह बैंकिङ्ग सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्रीको लागि ७(सात) दिने सूचना

(प्रकाशित मिति २०७८/०६/१२ गते)

यस सिन्धु विकास बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमका गैह्र बैंकिङ्ग सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा निम्न लिखित शर्तहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र वा अन्तिम दिन बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन कार्यालय समयमा सिन्धु विकास बैंक लि.को कर्पोरेट कार्यालय, बनेपामा शिलबन्दी गोप्य बोलपत्र पेश गर्नुहुन यही सूचनाद्वारा सम्पूर्ण ईच्छुक ब्यक्ति/फर्म/कम्पनी तथा संघ संस्थाहरुलाई आव्हान गरिन्छ ।

**तपसिल**

| **लिलाम हुने सम्पत्तिको विवरण** |
|---|
| १. सिन्धु विकास बैंक लिमिटेडको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको साविकको काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल न.पा./गा.पा. वडा नं. ०७ हाल काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल न.पा. वडा नं. ०६ स्थित कित्ता नं २८८३ को क्षेत्रफल ४-१४-२-० (चार रोपनी चौध आना दुई पैसा मात्र) को जग्गा तथा सम्पूर्ण लिगलगापात समेत .......... । |
| २. सिन्धु विकास बैंक लिमिटेडको नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला देबौली न.पा./गा.पा. वडा नं. २क स्थित कित्ता नं. ५४३५ को क्षेत्रफल २२८५.८५ वर्ग मि.को जग्गा तथा सम्पूर्ण लिगलगापात समेत.....। |
| ३. सिन्धु विकास बैंक लिमिटेडको नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला देवौली न.पा./गा.पा. वडा नं. २क स्थित कित्ता नं १७५२ को क्षेत्रफल ०-४-११.५ (चार कठ्ठा सांढे एघार धुर मात्र) को जग्गा तथा चितवन जिल्ला साविक देवौली न.पा./गा.पा. वडा नं. १क स्थित कित्ता नं १९७२ र १९७७ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-०-१६.५ गरी जम्मा क्षेत्रफल ०-१-१६.५ (एक कठ्ठा सांढे सोह धुर मात्र) को जग्गा तथा सम्पूर्ण लिगलगापात समेत..........। |
| ४. यस बैकको नाममा दर्ता कायम भई ऋणी शिलसिला ट्रेडर्स कम्पनी प्रा. लि..कायम रहेको दर्ता नं प्रदेश -३-०३-००१-च०१५०, इन्जिन नं TBK1J78097, च्यासिस नं MA1ZN2TPKK1J72103 रहेको Mahendra Bolero Camper SCXLFBPS थान १ । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः**

१. शिलबन्दी बोलपत्र आवेदन फाराम यस बैंकको कर्जा शाखा बनेपाबाट रु.१,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बिक्री गरिने गैह्र बैकिङ्ग सम्पत्ति जहाँ जे-जस्तो अवस्था र परिमाणमा छ सोही अनुसार स्वीकार गर्ने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
३. बोलपत्र फाराममा आफुले लिन चाहेको गैह्र बैकिङ्ग सम्पत्तिको आवश्यक विवरण स्पष्ट बुझिने गरी भर्नु पर्नेछ। दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्दछ। अंक र अक्षरमा लेखिएको फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा अनिवार्य दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भै कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता नदिन पनि सकिनेछ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा १० (दश) प्रतिशत रकम यस बैंकको खाता नं.“९४६४६६५०१” मा नगद नै जम्मा गरिएको भौचर वा बैंकको नाममा खिचिएका "Good For Payment" चेक शिलबन्दी बोलपत्रको साथै पेश गर्नु पर्नेछ ।
५. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
६. बोलपत्र फाराम बुझाउँदा बोलपत्र फारामको हरेक पृष्ठमा हस्ताक्षर गरी लाहछाप सहितको शिलबन्दीरुपमा बुझाउनु पर्नेछ।
७. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन तल उल्लेखित स्थान र समयमा लिलामी कार्य गरिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
८. माथि उल्लेखित सम्पत्तिहरु निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस बैंकको कर्पोरेट कार्यालय, कर्जा विभागमा सम्पर्क गरि निरीक्षण गर्न सकिनेछ।
९. बोलपत्र स्वीकृत भई बैंकद्वारा प्रदान गरिने समयभित्र बोलकवोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
१०. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर लाभ कर तथा अन्य सन्पूर्ण खर्च बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। साथै धरौटी राखिएको रकममा व्याज प्रदान गरिने छैन ।
१२. कुनै शर्त राखी पेश भएको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१३. बोलपत्र कारण खुलाई नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा नै सुरक्षित रहने छ।
१४. अस्वीकृत भएका बोलपत्रदाताहरुले जम्मा गरेको धरौटी रकम यस बैंकको एकाउन्ट पेयी चेक मार्फत फिर्ता गरिने छ।
१५. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेखि गरिए बमोजिम हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७८/०६/१८**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०७८/०६/१९**
**समय : बिहान ११:०० बजे**
**बोलपत्र खोलिने स्थान : सिन्धु विकास बैंक लि. कर्पोरेट कार्यालय, बनेपा, काभ्रे ।**

**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**

कर्पोरेट कार्यालयः बनेपा, काभ्रे
फोनः ०११-६६२३४०/४१/५१
URL:www.sindhubank.com.np